धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका वैठक, वैठक संख्या १०/०८२/०८३

आज मिति २०८२ साल माघ ११ गते, आइतबार दिनको ४:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम वेघा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता वज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री अम्बिका प्रसाद चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | देवी लामा परियार | का.वा वडा ~~सदस्य~~ अध्यक्ष | धरान-८ | |
| ३ | | | | |

मिति २०८२/१०/११ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णय भएका विषयहरु:

१. <u>बैठकको गणपुरक संख्या सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३० जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २८..... जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. <u>अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा।</u>

यस अघि मिति २०८२/०९/०१ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा १६ वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थहरु मध्ये केहि निर्णयहरु कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको बैठकमा जानकारी भयो।

३. <u>रमाना पत्र बदर सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अम्बिका प्रसाद चौलागाई कामको सिलसिलामा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय गएको अवस्थामा निजको व्यक्तिगत विवरण समेत फरक पारी झुटा विवरण तयार गरी अनाधिकृतरुपमा गैर कानूनी तवरले कार्यालयमा प्रयोग हुने लेटरप्याडमा कार्यालयको छाप सँग मिल्दोजुल्दो छाप समेत प्रयोग गरी मास सिस्टमको दर्ता चलानीबाट चलानी नं. को समेत प्रयोग गरी मिति २०८२/१०/०९ गते कार्यालय समय पछाडी यस कार्यालयमा कार्यरत कर्मचारी प्रज्ञादेवी निरौलाद्वारा स्वयं हस्ताक्षर गरी रमाना पत्र बनाई श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पठाइएको रमाना पत्र प्रथम दृष्टिमै बदनियतपूर्ण र गैरकानूनी भएकोले बदर गरिएको छ। सो रमाना पत्र बदर सम्बन्धमा सम्बन्धित निकायमा पत्रचार गर्ने निर्णय गरियो।

४. <u>धन्यवाद ज्ञापन सम्बन्धमा।</u>

यहि मिति २०८२/१०/०४ गतेका दिन प्रतिनिधि सभाको सदस्य निर्वाचनमा उम्मेदवार दिनका लागि नेपालको संविधानको धारा २१६ को उपधारा ८ (क) बमोजिम श्री हर्कराज राईज्यूबाट नगर प्रमुख पदबाट राजिनामा दिनु भएको साथै नेपालको संविधानको धारा २१६ को उपधारा ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम वडा नं. १७ का वडाध्यक्ष श्री सुर्यप्रसाद भट्टराईज्यू बाट वडाध्यक्ष पदबाट राजिनामा दिनु भएको हुँदा निजहरुबाट आफ्नो कार्यकालमा नगर प्रमुख तथा वडाध्यक्षको हैसियतले यस धरान उपमहानगरपालिकामा पुऱ्याउनु भएको अतुलनीय योगदान प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

५. <u>शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।</u>

यस धरान उपमहानगरपालिका तत्कालीन नगर पंचायतको २०३५ देखि २०४१ सालसम्म प्रधानपंच हुनु भएको स्व. कृष्णकुमार राई र यस उपमहानगरपालिका नगर कार्यपालिकामा कार्यरत कर्मचारी सव-इन्जिनियर स्व. निर्मल कृष्ण श्रेष्ठको असमायिक निधन भएको खबरले यस धरान उपमहानगरपालिका परिवार स्तब्ध भएको छौं। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना साथ शोकसन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दै आजको बैठकबाट शोक प्रस्ताव परित गर्ने।

६. <u>विपद् व्यवस्थापन समितिको बैठकबाट सिफारिस भएका विपद् व्यवस्थापन सम्बन्धी योजनाहरु स्वीकृत गर्ने सम्बन्धमा।</u>

मिति २०८२/०८/१६ गतेको नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार बहुप्रकोपको जोखिममा रहेको धरान उपमहानगरपालिका क्षेत्र भित्र विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थितरुपमा सञ्चालन गर्न तयार गरिएको धरान उपमहानगरपालिकाको विपद् व्यवस्थापन नीति, २०८२ तथा विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्य योजना (२०८२-२०८७) स्वीकृतीका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

७. <u>बाटोको नाम परिवर्तन सम्बन्धमा।</u>

धरान उपमहानगरपालिका वडा नं. ८ स्थित सभागृह मार्ग खण्डको संयम ड्राइभिङ सेन्टरको दक्षीणबाट पूर्व जाने बाटोको नाम हाल दुखित मार्ग नामाकरण रहेकोमा उक्त बाटोको नाम परिवर्तनका लागि सभागृह मार्ग टोल विकास समितिको पदाधिकारी तथा स्थानीयवासीको बैठकको निर्णय साथै सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा उक्त दुखित मार्गको नाम परिवर्तन गरी सुनौलो मार्ग नामाकरण गर्ने निर्णय गरियो।

८. <u>निर्णय अनुमोदन सम्बन्धमा।</u>

क. **भेरिएसन आदेश स्वीकृति सम्बन्धमा।**

धरान १४ स्थित बहुजातीय संग्रहालय भवन निर्माण तथा मर्मत कार्यका लागि मिति २०८२।०१।१२ गते सम्झौता भई २०८२।०२।३० गतेसम्ममा काम सम्पन्न गर्नु पर्नेमा मिति २०८२।०२।१९ को निर्णय अनुसार मिति २०८२।०५।३० सम्म म्याद थप भएको तथा योजना कार्यान्वयनका क्रममा सुरुको स्वीकृत लागतभन्दा वास्तविक निर्माण स्थलमा कतिपय

आइटमहरुको कार्य सम्बन्धित निर्माण समितिले नगरेको कारणले स्वीकृत ल.ई. भन्दा फरक पर्न गएकोले सार्वजनिक खरिद ऐन को दफा ५४ तथा सार्वजनिक खरिद नियमावलीको दफा ११८ को उपनियम (२) मा भएको व्यवस्था मुताबिक सुरुको सम्झौता मूल्यको २३.१८% घटी हुने गरी मिति २०८२।०५।२७ मा स्वीकृत गरिएको भेरिएसन आदेशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- शुरुको सम्झौता रकम: रु. ४९,८१,५०३।६५
- भेरिएसन आदेश पछि कायम भएको सम्झौता रकम: रु. ३८,२६,६९१।०८

ख. चालु आ.व. ०८२।८३ को बजेट पुस्तिकाको पुनर्निर्माण उपक्षेत्र, पेज नं. ४९ को सि.नं. ८ र ९ मा उल्लेख भएको "कार्यालय/ भवनहरुको मर्मत खर्च, धरान १२-अन्य पूर्वाधार" शिर्षकमा विनियोजित रु. ५० लाख, यातायात पूर्वाधार उपक्षेत्र, पेज नं. ४२ को सि.नं. २३६ र २३७ मा उल्लेख भएको "पूर्वाधार साझेदारी विकास कार्यक्रम - नगर भिजन २" शिर्षकमा विनियोजित रु. ३० लाख र भवन, आवास तथा सहरी विकास उपक्षेत्र, पेज नं. ४८ को सि.नं. १६८ र १६९ मा उल्लेख भएको "जनतासंग नगर सरकार कार्यक्रम - नगर भिजन २" शिर्षकमा विनियोजित रु. १० लाखमध्येबाट खर्च गर्ने गरी विभिन्न मितिमा भएको नगर प्रमुख र उपप्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सिं.नं | योजनाको विवरण | "कार्यालय/ भवनहरुको मर्मत खर्च, धरान १२-अन्य पूर्वाधार" शिर्षकबाट व्यहोरिने खर्च रकम (रु.) | अन्य शिर्षकबाट व्यहोरिने खर्च रकम (रु.) | जनसहभागिता रकम /अन्य श्रोत (रु.) | निर्णय मिति |
|---|---|---|---|---|---|
| १. | जनता आधारभूत विद्यालयको रंगरोगन, विद्युत सम्बन्धि कार्य र रेलिंग लगाउने कार्य, धरान ५ | ५,००,०००।०० | २,००,०००।०० "पूर्वाधार साझेदारी विकास कार्यक्रम - नगर भिजन २" शिर्षक | ४७,९१४।१० विभिन्न आयोजनाहरुको लागि अपुग/ म्याचिंग रकम शिर्षकबाट | २०८२।०९।१४ |
| २. | भानुस्मृति माध्यमिक विद्यालय भवनको शौचालयमा टायल्स साथै बरण्डामा एंगल लगाउने तथा मर्मत गर्ने कार्य, धरान ३ | ९,००,०००।०० | १,००,०००।०० "जनतासंग नगर सरकार कार्यक्रम - नगर भिजन २" शिर्षक | ५४,४८९।७० विद्यालयले व्यहोर्ने | २०८२।०९।१४ |
| ३. | अपांग पुन: स्थापना भवन परिसरमा कम्पाउण्ड वाल घेराबारा लगाउने कार्य, धरान-२० | ४,६५,९१६।८७ | - | - | २०८२।०८।१ |
| ४. | रणदेवी आधारभूत विद्यालयको छाना फेर्ने, रंगरोगन तथा शौचालय निर्माण तथा मर्मत गर्ने कार्य, धरान-६ | ५,१२,०००।०० | - | ५५,८०४।६१ विद्यालयले व्यहोर्ने | २०८२।०९।०७ |
| ५. | समिति मार्गको पुछार भागमा बंगुर खरिद बिक्री गर्ने कार्यको लागि वाल लगाई ट्रस निर्माण गर्ने कार्य, धरान-१७ | १८,८३,०००।०० | - | २,२६,७४१।६८ उपभोक्ता समितिले व्यहोर्ने | २०८२।०८।१४ |
| ६. | हारती अजिमा मन्दिरको जिर्णोदार मर्मत गर्ने कार्य, धरान-१६ | ५,००,०००।०० | - | ५५,६००।०० मन्दिर व्यवस्थापन समितिले व्यहोर्ने | २०८२।०८।१४ |

ग. चालु आ.व. ०८२।८३ को बजेट पुस्तिकाको यातायात पूर्वाधार उपक्षेत्र, पेज नं. ४२ को सि.नं. २३६ र २३७ मा उल्लेख भएको "पूर्वाधार साझेदारी विकास कार्यक्रम - नगर भिजन २" शिर्षकमा विनियोजित रु. ३० लाखमध्येबाट खर्च गर्ने गरी नगर उप-प्रमुखको सिफारिसमा विभिन्न मितिमा भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको विवरण | "पूर्वाधार साझेदारी विकास कार्यक्रम - नगर भिजन २" शिर्षकबाट व्यहोरिने खर्च रकम (रु.) | जनसहभागिता रकम (रु.) | निर्णय मिति |
|---|---|---|---|---|
| १. | वनेम मार्गको बाटोमा ढल तथा एजिंग वाल निर्माण गर्ने कार्य, धरान १९ | ५,००,०००।०० | १,३७,५१६।४६ | २०८२।०८।२४ |
| २. | जिरो प्वाइन्टमा रहेको कृष्ण प्रणामी मन्दिरको परिसरमा ट्रस छाना लगाउने कार्य, धरान १३ | ५,००,०००।०० | ६,९१,६०७।४७ | २०८२।०९।१४ |
| ३. | आधारभुत लुप मार्गको बाटोमा ढल तथा एजिंग वाल निर्माण गर्ने कार्य, धरान १५ | ३,००,०००।०० | २,७७,३००।५७ | २०८२।०९।१४ |
| ४. | रिटिंग स्वतन्त्र टोलको बाटोमा ड्रेन निर्माण गर्ने कार्य, धरान ११ | १,५०,०००।०० | २,००,०००।०० ११ नं. वडाको बजेट २,५८,७५१।३२ जनसहभागिता | २०८२।०८।२४ |
| ५. | भोजपुरे मार्गको बाटोमा अधुरो ड्रेन निर्माण गर्ने कार्य, धरान ५ | २,००,०००।०० | ५०,३९१।४४ | २०८२।०८।१६ |

घ. **सार्वजनिक जग्गा संरक्षण शिर्षक सम्बन्धमा ।**

- धरान १५ स्थित गणतन्त्र बस्तीमा रहेको फुलवारी आमा समूहको भवनमा कम्पाउण्ड वाल घेराबारा निर्माण गर्न रु. १ लाख चालु आ.व. ०८२।८३ को बजेट पुस्तिकाको भवन, आवास तथा शहरी विकास उपक्षेत्र, पेज नं. ४७ को सि.नं. १२४ मा उल्लेख भएको "**सार्वजनिक जग्गा संरक्षण**" शिर्षकमा विनियोजित रकम रु. १५ लाखबाट खर्च गर्ने तथा रु. २६,८२८।५४ उक्त आमा समूहले जुटाउने गरी मिति २०८२।०९।०७ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने एवम् उक्त आमा समूहको उक्त भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेको र विगत वर्षहरुदेखि नै उक्त समूहले उक्त जग्गा भोगचलन गरी रहेको हुनाले निर्णय भए अनुसारको निर्माण कार्यको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।
- धरान ४ स्थित खैरेनीटारमा रहेको ढुंगेकला पार्कमा तारजाली लगाई घेराबारा गर्न रु. १३,४२,०००।०० चालु आ.व. ०८२।८३ को बजेट पुस्तिकाको भवन, आवास तथा शहरी विकास उपक्षेत्र, पेज नं. ४७ को सि.नं. १२४ मा उल्लेख भएको "**सार्वजनिक जग्गा संरक्षण**" शिर्षकमा विनियोजित रकम रु. १५ लाखबाट खर्च गर्ने तथा रु. १,५३,२३७।६१ जनसहभागिता जुटाउने गरी मिति २०८२।०८।१६ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।
- धरान ६ स्थित शान्ता देवी खड्का पौडेलको घरमा टिनको छानो लगाउन रु. ६०,१४१।०४ चालु आ.व. को बजेट पुस्तिकाको भवन, आवास तथा शहरी विकास उपक्षेत्र, पेज नं. ४४ को सि.नं. ३२ को "विपन्न घर परिवार शौचालय मर्मत/पुनःनिर्माण - नगर भिजन १" शिर्षकमा विनियोजित रु. १० लाखमध्येबाट खर्च गर्ने गरी मिति २०८२।०६।२६ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

९. <u>रकमान्तर सम्बन्धमा।</u>

आगामी कार्यपालिका बैठकमा विषयगत समिति, महाशाखा, वडा कार्यालयबाट रकमान्तर तथा शिर्षकान्तरका लागि विवरणहरु संकलन गरी कार्यक्रम तथा बजेट तर्जुमा समितिमा निर्णय गराई रकमान्तर तथा शिर्षकान्तर गर्ने निर्णय गरियो।

१०. <u>प्रवक्ता तोक्ने सम्बन्धमा।</u>

यस धरान उपमहानगरपालिकाबाट भए गरेका काम कारवाहीहरु सञ्चार माध्यम तथा धरानका आम नगरवासीहरु समक्ष प्रवाह गर्नका लागि वडा नं. १४ का वडाध्यक्ष श्री कृष्ण प्रसाद भट्टराईलाई तोक्ने निर्णय गरियो।

११. <u>नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा।</u>

आ.व. ०८२।०८३ का लागि पार्कमा प्रयोग हुने विभिन्न खेलौना लगायतका सरसामानहरुको नगर दररेट कायम गर्नु पर्ने भएकोले तपसिल बमोजिम पेश भएको नगर दररेट पारित गर्ने निर्णय गरियो ।

| क्र.सं. | सामाग्रीको विवरण | इकाई | फर्मबाट प्राप्त दररेट | | | न्यूनतम दररेट |
|---|---|---|---|---|---|---|
| | | | अनिल मूर्तिकला केन्द्र | यूमा कलाकृति घर | भेडेटार हस्तकला उद्योग | |
| १. | हात्ती जोडी H 2' / L 3.5' 4 | job | ५१,५००।०० | ५१,०००।०० | ५०,०००।०० | ५०,०००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | to 6 mm thick 50 kg | | | | | |
| २. | परेवा जोडी H 4' / L 6' 4 to 6 mm thick 80 kg | job | १,०१,५०० ।०० | १,०१,००० ।०० | १,००,००० ।०० | १,००,००० ।०० |
| ३. | मयुर जोडी H 2.5' / L 6' 4 to 6 mm thick 90 kg | job | १,०१,५०० ।०० | १,०१,००० ।०० | १,००,००० ।०० | १,००,००० ।०० |
| ४. | रातो भाले H 5' / L 5' 4 to 6 mm thick 120 kg | job | २,०३,००० ।०० | २,०२,००० ।०० | २,००,००० ।०० | २,००,००० ।०० |
| ५. | भेडा १ बच्चा २ H 3' / L 5' 4 to 6 mm thick 140 kg | job | ६९,३३३ ।३३ | ६९,००० ।०० | ६८,३३३ ।३३ | ६८,३३३ ।३३ |
| ६. | रेट पान्डा H 6' / L 3' 4 to 6 mm thick 130 kg | job | ३,०३,००० ।०० | ३,०२,००० ।०० | ३,००,००० ।०० | ३,००,००० ।०० |
| ७. | ठुलो घोडाको टाउको H 12'/ L 3' 4 to 6 mm thick 180 kg | job | ४,४३,००० ।०० | ४,४२,००० ।०० | ४,४०,००० ।०० | ४,४०,००० ।०० |
| ८. | ड्राईगन सोफा H 4' / L 4' 4 to 6 mm thick 60 kg | job | १,३३,००० ।०० | १,३२,००० ।०० | १,३०,००० ।०० | १,३०,००० ।०० |
| ९. | उल्लु सोफा H 4' / L 4' 4 to 6 mm thick 60 kg | job | १,३३,००० ।०० | १,३२,००० ।०० | १,३०,००० ।०० | १,३०,००० ।०० |
| १०. | ईगल सोफा H 4' / L 4' 4 to 6 mm thick 60 kg | job | १,३३,००० ।०० | १,३२,००० ।०० | १,३०,००० ।०० | १,३०,००० ।०० |
| ११. | प्रवेश गेट ढोका (घोडाको टाउको) H 7' / L 5' 4 to 6 mm thick | job | १,४३,००० ।०० | १,४२,००० ।०० | १,४०,००० ।०० | १,४०,००० ।०० |
| १२. | धारा हाँस बाट पानी झर्ने H 3' 4 to 6 mm thick | job | ७३,००० ।०० | ७२,००० ।०० | ७०,००० ।०० | ७०,००० ।०० |
| १३. | फोटो सेल्फि Heart Sape H 5' / L 4' 4 to 6 mm thick 30 kg | job | ८३,००० ।०० | ८२,००० ।०० | ८०,००० ।०० | ८०,००० ।०० |
| १४. | डस्वीन फाईबरको H 3' / L 2' 4 to 6 mm thick 30 kg | job | ३१,५०० ।०० | ३१,००० ।०० | ३०,००० ।०० | ३०,००० ।०० |
| १५. | अञ्जुली हात (blessing) H 3 ft/ L 5ft 4 to 6 mm thick 110 kg | job | २,२३,००० ।०० | २,२२,००० ।०० | २,२०,००० ।०० | २,२०,००० ।०० |
| १६. | खेल्ने पिङ H 8 ' 4 to 6 mm thick | job | ५६,५०० ।०० | ५६,००० ।०० | ५५,००० ।०० | ५५,००० ।०० |
| १७. | कलम पेनको मूर्ति H 5' 4 to 6 mm thick 25 kg | job | ९३,००० ।०० | ९२,००० ।०० | ९०,००० ।०० | ९०,००० ।०० |
| १८. | बस्ने पुतली बेन्च H 3'/ L2' 4 to 6 mm thick | job | ४१,५०० ।०० | ४१,००० ।०० | ४०,००० ।०० | ४०,००० ।०० |
| १९. | छाजन सहित बस्ने फलैचा H 8'/L 5' 4 to 6 mm thick 150 kg | job | १,४१,५०० ।०० | १,४१,००० ।०० | १,४०,००० ।०० | १,४०,००० ।०० |
| २०. | फुल, गमला रुख डिजाईनमा H 3' / L 2' 4 to 6 mm thick 60 kg | job | २५,५०० ।०० | २५,३३३ ।३३ | २५,००० ।०० | २५,००० ।०० |

Materials: #Roving fibre glass, #German gelcoat, #Resin, #Fibre mat, #Stone dust powder, #Catalyst, #Hardener, #Pigment liquid, #Mension polish, #Thinner chemical, #Fanchwk powder and iron rod 10 to 12 mm inner (All materials for outdoor)

१२. <u>नगर विपद् व्यवस्थापन समितिको बैठकबाट सिफारिस भएका विपद् व्यवस्थापन सम्बन्धी योजनाहरु स्वीकृत गर्ने सम्बन्धमा।</u>

मिति २०८२।०९।१८ को नगर विपद् व्यवस्थापन समितिको बैठकबाट समेत सिफारिश भएका तपसिलका योजनाहरु विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी यस अघि विभिन्न मितिमा भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | स्थान | विपद् व्यवस्थापन कोषबाट खर्च हुने रकम (रु.) | उपभोक्ताको लागत सहभागिता (रु.) | कुल लागत (रु.) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | पुण्यमार्ग ढल मर्मत तथा निर्माण | धरान १६ | २५,००,०००।०० | १,२९,६९१।०५ | २६,२९,६९१।०५ |
| २. | सुनौलो बस्ती छेउ बोक्सी खोलामा प्लम्पवाल निर्माण | धरान ६ | ४,९५,०००।०० | ५३,५३६।३४ | ५,४८,५३६।३४ |
| ३. | सुवेदी टोलमा रिटेनिंग वाल निर्माण | धरान १५ | ९१,५७४।७५ | - | ९१,५७४।७५ |
| ४. | दुईधारे पथ निवासी सन्तोष विश्वकर्माको घर मर्मत सम्भार | धरान १४ | बढीमा १ लाख सम्म | | बढीमा १ लाख सम्म |

१३. सांस्कृतिक वडा घोषणा गर्ने सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. ३ मा विभिन्न जातजाती धर्म संस्कृति भएका विभिन्न चाडपर्व मनाउने मानिसहरु बसोबास गर्ने गरेको र उक्त वडामा विभिन्न जातजातीहरुले मनाउने चाडपर्वको समयमा सांस्कृतिक मेलाहरु आयोजना हुँदै आएकोमा सांस्कृतिक प्रर्यटक प्रवर्द्धनका निम्ति ३ नं. वडा कार्यालयको मिति २०८२/०९/२१ गतेको वैठकको निर्णयानुसार ३ नं. वडालाई सांस्कृतिक वडा घोषणाका लागि यस उपमहानगरपालिकामा सिफारिस भै आएको हुँदा उक्त वडा लाई सांस्कृतिक वडा घोषणा गर्ने निर्णय गरियो।

१४. तहबृद्धि सिफारिस समितिमा वरिष्ठ महिला सदस्य मनोनयन गर्ने सम्बन्धमा।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन) २०८० को दफा २७ को उपदफा (४) मा कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति गठन गर्ने व्यवस्था रहेको र हाल गठन भएको उक्त सिफारिस समितिमा वरिष्ठ महिला कर्मचारी सदस्य रिक्त रहेको हुँदा वरिष्ठ कर्मचारी अधिकृत आठौं तहका श्री सुशीला अधिकारी प्रसाइलाई तोक्ने निर्णय गरियो।

१५. क. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १०५२ मिति २०८१/०८/२४ गतेको पत्रानुसार यस कार्यालयमा कामकाज गर्न खटिआउनु भएका राजपत्राङ्कित द्वितीय श्रेणी प्रशासन सेवा तर्फका उपसचिव श्री अम्बिका प्रसाद चौलागाई (क.स.नं. १८४६९५) यस कार्यालयमा हाजिर भएको दिन देखि नै अहोरात्र कार्यालयमा खटिई नगरपालिकामा भएका समस्याहरुको हल गर्दै इमान्दारीका साथ काम गर्दै आइरहनु भएको छ। मन्त्रालयबाट निज प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएता पनि विगतका दिनमा समेत धरान उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत विहिन रहँदा कार्यालयको आर्थिक लगायत सम्पूर्ण कामकाज कारवाही ठप्प भएको वेहोरा अवगत गराउँदै हाल निर्वाचन आचार संहिता समेत लागु भएकोले अर्को प्रमुख प्रशासकीय अधिकृत तत्काल सरुवा भई आउने अवस्था नदेखिएको हुँदा श्री अम्बिका प्रसाद चौलागाईबाट नै यस कार्यालयमा रहि काम काज गर्ने व्यवस्थाका लागि निर्णय गरियो।

ख. कारवाही सम्बन्धमा।

धरान उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री अम्बिका प्रसाद चौलागाई कामको सिलसिलामा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय गएको अवस्थामा निजको व्यक्तिगत विवरण समेत फरक पारी झुटा विवरण तयार गरी अनाधिकृतरुपमा गैर कानूनी तवरले कार्यालयमा प्रयोग हुने लेटरप्याडमा कार्यालयको छाप सँग मिल्दोजुल्दो छाप समेत प्रयोग गरी मास सिस्टमको दर्ता चलानीबाट चलानी नं. को समेत प्रयोग गरी यस कार्यालयमा कार्यरत कर्मचारी प्रज्ञादेवी निरौलाद्वारा स्वयं हस्ताक्षर गरी रमाना पत्र बनाई श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पठाइएको साथै मिति २०८२/१०/०९ गते, शुक्रवारका दिन प्रशासन महाशाखा लेखिएको नेमप्लेट निकालेर फ्याली प्रशासन महाशाखामा टाँस गरिएको सार्वजनिक सूचना च्याती बन्द रहेको प्रशासन महाशाखाको कार्यकक्षको ढोका तोडफोड गरी खोलिदिन्छु भनी अशिष्ट शब्दको प्रयोग गरेको र विदा स्वीकृत नै नगरी पटक पटक कार्यालयमा अनुपस्थित हुनु भएको हुनाले उक्त कार्य कर्मचारीको आचरण विपरीत रहेको र यस कार्यबाट धरान उपमहानगरपालिका नगर कार्यपालिकको कार्यालयको प्रतिष्ठामा समेत आँच आएको हुँदा सो विषयमा सुशासन तथा संस्थागत विकास समितिको मिति २०८२/१०/११ गतेको वैठकको निर्णयबाट समेत कारवाहीका लागि सम्बन्धित सुशासन तथा संस्थागत विकास समितिबाट सिफारिस भई आएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन), २०८० को दफा २४ को उपदफा ४ बमोजिम निज कर्मचारीलाई यस स्थानीय तहमा राखि राख्न उपयुक्त नभएकोले श्री मुख्य मंत्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा फिर्ता पठाउने र सोहि निर्णय बमोजिम फिर्ता पठाउन उपमहानगरपालिकाबाट सम्बन्धित मन्त्रालयमा पत्रचार गर्ने निर्णय गरियो।

१६. <u>एम्बुलेन्स तथा शव वाहन सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकामा हाल नगर मातहतमा धेरै स्वास्थ्य संस्थाहरु रहेकोले स्वास्थ्य सम्बन्धी सुविधालाई अझ बढी प्रभावकारी बनाउँनका लागि एम्बुलेन्स आवश्यक रहेको तथा मृत्यु भएका शवहरु दाहसंस्कार स्थलसम्म लैजानका लागि शववहानको समेत आवश्यक रहेको हुँदा न्यून वर्गका आम नगरवासीहरुको सेवाका लागि एम्बुलेन्स तथा शव वाहन खरिदका लागि छलफल गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

१७. <u>अधिकार प्रत्यायोजन सम्बन्धमा।</u>

धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धरान उपमहानगरपालिकाका २० वटै वडा कार्यालय तथा वडा समितिका पदाधिकारीहरु विरुद्धमा न्यायीक तथा अर्घ न्यायीक निकायहरुमा परेको मुद्दाहरुको प्रतिरक्षा तथा न्यायीक तथा अर्घ न्यायीक निकायहरुमा फिराद दर्ता गर्नु पर्दा सो सँग सम्बन्धित सम्पूर्ण काम कारवाही गर्नका लागि कार्यवाहक नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।